कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

Google Plus Code

6M2Q+5V7 Kohalpur

लुम्बिनी प्रदेश, नेपाल

प.सं.:२०८०/०८१(राजश्व उपशाखा)

च.नं.:

## आ.व.२०८०/०८१ को लागि कबाडी मालसमान, जडीबुटी बिक्री बितरण तथा उपयोगमा लाग्ने कर संकलन सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।

(सूचना प्रकाशित मिति :२०८०/१०/०५)

चालु आ.व.२०८०/०८१ को लागि मुख्य राजमार्ग समेत नगरपालिकाको क्षेत्र भित्रका उद्योग कलकारखानाबाट निस्कने कबाडी माल, जडीबुटी रप्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुहरुको हाड, सिंग, प्वाँख, छाला वा यस्तै प्रकृतिको कबाडी मालसामानको व्यवसायिक उपयोग तथा बिक्री बितरणमा लाग्ने कर संकलनको लागि **स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ बमोजिम** देहाय बमोजिमको ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले यसनगरपालिकाले तोकेको शर्तहरुको अधिनमा रही इच्छुक व्यवसायी, फर्म, तथा कम्पनीहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी कर शुल्क संकलन गर्नका यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि.नं. | किसिम | कर तथा शुल्क संकलन क्षेत्र | न्युनतम ठेक्का मुल्य रु. (भ्याट सहित) | धरौटी रकम रु. | दरभाउपत्र फाराम दस्तुर रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कबाडी माल, जडीबुटी तथा बिक्री बितरण तथा उपयोगमा लाग्ने कर संकलन | मुख्य राजमार्ग समेत नगरपालिकाको क्षेत्र भित्रका उद्योग तथा कलकारखानाहरु | १९,२७,९८७.८९।- | कुल ठेक्का अङ्कको १० प्रतिशत रु १,९२,७९८.७८९ | १०००।०० (पछि फिर्ता नहुने) | |

शर्तहरु :

१. इच्छुक दरभाउपत्रदाताले यो सूचना प्रकाशित भएको मितिले १५औं दिन(२०८०/१०/१९ गते) सम्म कार्यालय समयभित्र अद्यावधिक नवीकरण गरेको इजाजतपत्र, स्थायी लेखा नम्बर (PAN)दर्ता, र आ.व. २०७९/०८० सम्मको करचुक्ता प्रमाणपत्र सहित पछि फिर्ता नहुने गरी रु १०००(एक हजार रुपैया मात्र) दस्तुर तिरेको सक्कलै नगदी रसिद पेश गरेपछि यस कार्यालयबाट दरभाउपत्र प्राप्त गर्न सकिनेछ ।

२. दरभाउपत्रदाताले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६औं दिनको १२ बजेसम्म यस कार्यालयमा सिलबन्दी दरभाउपत्र दाखिला गरिसक्नुपर्नेछ । यसरी दाखिला हुन आएका सिलबन्दी दरभाउपत्रहरु दाखिला गर्ने अन्तिम दिनको २ बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन । दरभाउपत्र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा सो पछि लगत्तै कार्यालय खुल्ने दिन दरभाउपत्र खोलिनेछ ।

३. दरभाउपत्र बापतको धरौटी रकम यस कार्यालयको कृषि विकास बैंक कोहलपुर शाखामा रहेको धरौटी खाता नं ०७२०५०१०००२३५२१७ मा नगदै वा कम्तिमा ९० दिनको समयावधि भएको मान्यता प्राप्त बैंक बाट जारी भएको बैंक जमानत सक्कलै पेश गर्नुपर्ने छ र दरभाउपत्रसाथ सिलबन्दी गरेको हुनुपर्नेछ ।

४. दरभाउपत्र फाराममा दररेट स्पष्ट बुझिने गरी अङ्क र अक्षरमा लेखुपर्नेछ । अङ्क र अक्षरको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।

कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

Google Plus Code

6M2Q+5V7 Kohalpur

लुम्बिनी प्रदेश, नेपाल

प.सं.:२०८०/०८१(राजश्व उपशाखा)

च.नं.:

५. आ.व. २०८०/०८१ को लागि कबाडी मालसामानहरुको बिक्री वितरण तथा उपयोगमा लाग्ने कर संकलनको अवधि सम्झौता भएको मिति देखि २०८१ साल माघ मसान्त सम्मको लागि हुनेछ ।

६. दरभाउपत्र स्वीकृत भई नियमानुसार सम्झौता भईसके पश्चात कुनै किसिमको छुट, माफी वा मिनाहा दिईने छैन।

७. सम्झौता गर्दा मूल्य अभिवृद्धि कर सहितको कबोल अंकको ५० प्रतिशत रकम यस नगरपालिकाको नाममा कृषि विकास बैंकमा रहेको राजस्व खाता नं. ०७२०५०१०००२३५३६५ मा जम्मा गरेको सक्कलै भौचर र बांकी ५० प्रतिशत बापतको रकमको नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको २०८१ साल फागुन मसान्त सम्म म्याद भएको बैंक जमानत (Bank Guarantee) पेश गर्नुपर्ने छ ।

८. दरभाउपत्रमा न्यूनतम अङ्क भन्दा माथी कबोल गर्नुपर्नेछ। सबै भन्दा बढी कबोल गर्ने दरभाउपत्रदातालाई स्वीकृत गरिनेछ।

९. म्याद नाघी वा रीत नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

१०. दरभाउपत्रदाताले आफूले पेश गरेको कबोल अङ्क मूल्य अभिवृद्धि कर सहित वा बाहेक भन्ने स्पष्ट उल्लेख गर्नुपर्नेछ । यदि उल्लेख नगरेमा मूल्य अभिवृद्धि कर बाहेकको मानिनेछ ।

११. रीत नपुगेको वा म्याद नाघी आएको वा शर्त सहितको दरभाउपत्र उपर कुनै कारवाही गरिनेछैन ।

१२. दरभाउपत्रदाताले ठेक्का लिई रकम संकलन गर्ने क्रममा कुनै किसिमको हानी नोक्सानी वा दुर्घटना भएमा सो को सम्पूर्ण जिम्मेवार स्वयं सो को जवाफदेही हुनुपर्नेछ ।

१३. ठेक्का सम्बन्धी रसिदहरु बोलपत्रदाता आफैले छपाई नगर कार्यपालिकाको कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ। कार्यालयबाट प्रमाणित नगराई उठाईएको पाईएमा प्रचलित कानुन बमोजिम कारवाही गरिनेछ ।

१४. ठेक्का सम्बन्धी कुनै विषय बुझ्नु परेमा कार्यालय समयभित्र राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

१५. यस सूचनामा उल्लेख नभएको कुराहरु स्थानीय सरकार संचालन ऐन २०७४, सार्वजनिक खरिद ऐन (संसोधन समेत), २०६३, सार्वजनिक खरिद नियमावली (संशोधन समेत), २०६४ र अन्य प्रचलित ऐन र कानुन बमोजिम हुनेछ ।

धोलकराज ढकाल

प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

Google Plus Code

6M2Q+5V7 Kohalpur

लुम्बिनी प्रदेश, नेपाल

प.सं.:२०८०/०८१(राजश्व उपशाखा)

च.नं.:

## कर/शुल्क संकलनको दररेट

| सि.नं. | कवाडी सामानको विवरण | निर्धारित दर रु. | कैफियत |
|---|---|---|---|
| १ | कागज तथा कार्टुनजन्य पदार्थहरु प्रति के.जी. | प्रति के.जी. रु.१।०० | |
| २ | **जे जस्तो अवस्थामा छ पुनः सोही रुपमा प्रयोग गर्न सकिने** | | |
| २.१ | खाली शिसी(बियरको) हल्का पेय पदार्थ बाहेक प्रतिगोटा | ०.२५ पैसा | |
| २.२ | खाली शिसी(५०० एम.एल. भन्दा माथि ) प्रतिगोटा | ०.२५ पैसा | |
| २.२ | खाली शिसी(५०० एम.एल. भन्दा तल ) प्रतिगोटा | ०.१० पैसा | |
| २.३. | प्लाष्टिक वोतल, भाडाकुडा, पुराना जुत्ता चप्पल र ग्यालेन प्रतिगोटा | ०.५० पैसा | |
| ३ | **खालि बोरा प्रतिगोटा** | | |
| २.१ | जुटको बोरा १०० के.जी. क्षमताको प्रतिगोटा | ०.२५ पैसा | |
| २.२ | जुटको बोरा ५० के.जी. क्षमताको प्रतिगोटा | ०.१० पैसा | |
| २.२ | प्लाष्टिकको बोरा ५० के.जी. क्षमताको प्रतिगोटा | ०.१० पैसा | |
| ४ | **खालि बोरा प्रतिगोटा** | | |
| ४.१ | १० लि. भन्दा बढी क्षमताको प्रतिगोटा | रु.१.०० | |
| ४.२ | १० लि. भन्दा कम क्षमताको प्रतिगोटा | ०.५० पैसा | |
| ५ | **पुन :प्रशोधन गरी प्रयोग गर्न सकिने** | | |
| ५.१ | झिण्डु ( प्राकृतिक र कृतिम उनका टुक्रा ) प्रति के.जी. | रु.१.०० | |
| ५.२ | गार्मेन्टका कपडाका टुक्रा प्रति के.जी. | रु.१.०० | |
| ५.३ | जलेको मोविल प्रति लिटर | ०.५० पैसा | |
| ५.४ | जुट र प्लाष्टिकका बोरा फाटेका प्रति के.जी. | रु.१.०० | |
| ५.५ | प्लाष्टिकका टुक्रा प्रति के.जी. | रु.१.०० | |
| ५.६ | पुराना टायर र ट्युब प्रति के.जी. | रु.१.०० | |
| ५.७ | थोत्रो टिन प्रति के.जी. | ०.५० पैसा | |
| ५.८ | पुरानो ड्रम प्रति के.जी. | ०.५० पैसा | |
| ६ | **धातुका कबाडी सामानहरु प्रति के.जी.** | | |
| ६.१ | फलामजन्य सामान तथा टुक्रा प्रति के.जी. | रु.१.०० | |
| ६.२ | अन्य धातु -पित्तल,तामा,जिङ्क आदिका सामान तथा टुक्राहरु प्रति के.जी. | रु.१.०० | |
| ६.३ | बिग्रेका मेशीनरी औजार तथा पाटपुर्जा प्रति के.जी. | रु.१.०० | |
| ७ | **अन्य** | | |
| ७.१ | पोलिथिन पाईपका टुक्रा प्रति के.जी. | रु.१.०० | |
| ७.२ | सिसा (लिडका टुक्रा र धुलो ) प्रति के.जी. | रु.१.०० | |
| ७.३ | काँचको टुक्रा र धुलो प्रति के.जी. | रु.१.०० | |
| ७.४ | मिनरल बाटरको बोतलहरु प्रति गोटा | ०.१० पैसा | |
| ८ | जडीबुटी वा जिवजन्तु(प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका मृत वा मारिएका जिवजन्तुको हाड, सिंग, प्वाँख र छाला) करको हकमा प्रति ट्रीप | रु.५००।- देखि ५,०००।- सम्म | |

घीलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत